# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रावतकट्टे, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७९/०८०
सूचना नं. ०४

**सूचना प्रविधि अधिकृत सेवा करारमा लिने सम्बन्धी सूचना !**

**(सूचना प्रकाशित मितिः २०७९/०४/०९)**

यस जोरायल गाउँपालिकामा रिक्त रहेको पदमा तपसिलको संख्या र योग्यता भएको कर्मचारी करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र कृषि विकास बैंक जोरायल शाखामा रहेको यस जोरायल गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०८२७१०१३४६८३६१०६ मा राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

**१. पदको विवरणः**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१-२०७९/०८० | सूचना प्रविधि अधिकृत | अधिकृत स्तर छैठौं | १ | |

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यताः** लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BEIT, Bsc. CSIT, BE, Electronics and Communication Engineering, B. Tech Electronics and Communication Engineering, B.Ed. ICT) उपाधि प्राप्त गरेको ।

**३. आवश्यक कागजातः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रमाणपत्रको प्रतिलिपिहरुः

- उमेदवारको व्यक्तिगत विवरण
- नेपाली नागरिकताको प्रमाणपत्र
- शैक्षिक योग्यताको प्रमाणपत्रहरु
- अनुभव खुल्ने प्रमाणपत्रहरु
- २ प्रति पासपोर्ट आकारको फोटो

**४. कार्य विवरण (TOR)** : प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (PLGSP) को शर्त तथा जोरायल गाउँपालिका कार्यालयको आवश्यकता अनुसार ।

**५. परीक्षाको किसिमः** संक्षिप्त सूची(Short List), लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता।

**६. उमेर हदः** २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**७. दरखास्त दिने स्थानः** जोरायल गाउँपालिकाको कार्यालय, रावतकट्टे, डोटी।

**८. दरखास्त दिने अन्तिम मितिः** २०७९/०४/२३ गते कार्यालय समय भित्र।

**९. तलबः** गाउँपालिकाले तोके बमोजिम ।

**१०. परीक्षाको मितिः** संक्षिप्त सूची (Short List) प्रकाशन गर्दा जानकारी गराईने।

**११. करार अवधीः** २०८० असार मसान्त सम्म।

**१२. आवेदन दस्तुरः** रु. १०००।०० (एक हजार) मात्र।

१३ . अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको।

**नोटः लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षाको पाठ्यक्रम, छनौट विधि, दरखास्त फाराम तथा अन्य थप जानकारीको लागि गाउँपालिकाको वेवसाइट www.jorayalmun.gov.np मा हेर्न वा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।**